# मिति २०७९।०४।१० गते बसेको विहादी गाउँकार्यपालिका बैठको निर्णयहरु

**निर्णयहरु :**

**निर्णय नं १** प्रदेश सरकार विशेष अनुदान बाट कोल्ड स्टोर निर्माणका लागि प्राप्त रकम रु ७० लाखको कार्यान्वनका लागि जग्गा व्यवस्थापन गरि राय सुझाव दिनको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

| | |
|---|---|
| श्री चित्र बहादुर गुरुङ | संयोजक |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा मगर | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |

**निर्णय नं २** गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र विहादी गाउँपालिकाको सहकार्यमा परामर्शदाताले आर्थिक वर्ष २०७८।०७९ मा तयार गरेको राजश्व सुधार कार्ययोजना (आर्थिक वर्ष २०७९/८०-२०८१/०८२) र लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनीति, २०७९) लाई अनुमोदन गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं ३** विहादी गाउँपालिका भित्रका सडक, भवन, सिचाई, खेलमैदान, पार्क, डम्पिङ साईट लगायतका पूर्वाधारका लागि आवश्यकता अनुसार सम्भाव्यता अध्ययन गरि उक्त सम्भाव्यता अध्ययन गरेका पुर्वाधार निर्माणका लागि संघ र प्रदेश सरकार समक्ष विशेष बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** आर्थिक वर्ष २०७९।८० को स्थानीय दररेटको सम्बन्धमा छलफल गर्दा पर्वत जिल्लाको जिल्ला दररेट निर्धारण समितिले स्विकृत गरेको पर्वत जिल्लाको ज्याला दर तथा निर्माण निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट २०७९।८० लाई नै यस विहादी गाउँपालिकाको हकमा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं ५** नेपालको संविधानको धारा २१७ बमोजिम विहादी गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा हुने न्यायीक समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री मिना शर्मा तिवारी | संयोजक |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |

**निर्णय नं ६** विहादी गाउँपालिकामा रहेका अपाङ्गहरुको लागि अपाङ्गता परिचयपत्र वितरण प्रयोजनार्थ विहादी गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ को दफा ६ बमोजिम देहाय बमोजिम समिति गठन गरियो ।

देहाय

| | |
|---|---|
| श्री मिना शर्मा तिवारी | संयोजक |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री राजेन्द्र प्रसाद आचार्य | सदस्य (मा वि प्रधानाध्यापक) |
| श्री भुपेन्द्र नाथ पौडेल | सदस्य (चिकित्सक) |
| श्री वहाकीठाँटी प्रहरी चौकी प्रमुख | सदस्य (प्रहरी प्रमुख) |
| श्री भानुभक्त भट्टराई | सदस्य (अपाङ्गता संघ संस्थाको प्रतिनिधि) |
| श्री रमेश भुसाल | सदस्य (अपाङ्ग) |

श्री सुनिता सुवेदी सुनार सदस्य (अपाङ्ग)
श्री सामाजिक विकास कार्यालय, कुश्माका कार्यालय प्रमुख सदस्य
श्री हरि प्रसाद भुसाल सदस्य (गाउँपालिका कर्मचारी)

**निर्णय नं ७** विहादी गाउँपालिकाको विपद् राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि , २०७५ बमोजिम देहाय बमोजिमको विपद व्यवस्थापन समिति गठन गरियो ।

| | | |
|---|---|---|
| श्री परविन गुरुङ | गाउँपालिका अध्यक्ष | संयोजक |
| श्री मिना शर्मा तिवारी | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री गणेश शर्मा पौडेल | विपद व्य समिति संयोजक | सदस्य |
| श्री हरि प्रसाद भुसाल | स्वास्थ्य संयोजक | सदस्य |
| श्री सागर रेग्मी | प्राविधिक शाखा प्रमुख | सदस्य |
| श्री वहाकीठाँटी प्रहरी चौकी प्रमुख | | सदस्य |
| श्री ध्रुव दयाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

**निर्णय नं ८** विहादी गाउँपालिकामा निर्माण कार्यको लागि प्रयोग हुने ब्याकहु लोडर, एक्जाभेटरको भाडादर २०७४ साल देखि हालसम्म पनि पुनराबलोकन नभएको साथै हाल इन्धनमा मुल्यवृद्धिको भएको कारण देहाय बमोजिम भाडादर पुनरावलोकन गर्ने निर्णय गरियो ।

**देहाय**

एक्जाभेटर (ब्रेकर) भ्याट सहित अधिकतम प्रति घण्टा रु ७०००।–
एक्जाभेटर (साधारण) भ्याट सहित अधिकतम प्रति घण्टा रु ६००० ।-
ब्याकहु लोडर भ्याट सहित अधिकतम प्रति घण्टा रु ३००० ।-

**निर्णय नं ९** भु-उपयोग बर्गिकरणका लागि भूउपयोग ऐन,२०७६ अनुसार भुउपयोग परिषदको कार्यमा सहयोग गर्न सोही ऐनको दफा २० अनुसार देहाय बमोजिमको कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

| | | |
|---|---|---|
| श्री परविन गुरुङ | (गाउँपालिका अध्यक्ष) | अध्यक्ष |
| श्री सम्बन्धित वडाका वडा अध्यक्षहरु | | सदस्य |
| श्री सागर रेग्मी | (पुर्वाधार विकास शाखा) | सदस्य |
| श्री सागर न्यौपाने | (कृषि विकास शाखा) | सदस्य |
| श्री नन्दु कुमारी गुरुङ | | सदस्य |
| श्री कुल प्रसाद शर्मा पराजुली | | सदस्य |
| श्री रिखिराम भुसाल | | सदस्य |
| श्री योगमाया भुसाल | | सदस्य |

**निर्णय नं १०** मिति २०७७।०६।१९ गतेको कार्यपालिका बैठकले इन्जिनियर सेवाका प्राविधिक कर्मचारीहरुलाई मासिक ३० प्रतिशत उपलब्ध गराइदै आएको फिल्ड सुविधाका सम्बन्धमा छलफल गर्दा पालिका अन्तर्गतका सम्पूर्ण प्राविधिक कर्मचारीहरुले समान तवरले सो सुविधा नपाएको र महालेखा परिक्षकको प्रतिवेदनले समेत सैद्धान्तिक बेरुजु औल्याएको हुँदा चालु आ व ०७९।८० को सुरुदेखि उपलब्ध नगराउने निर्णय गरियो । तर सम्पूर्ण प्राविधिक कर्मचारीहरुले फिल्डमा खटिदा नियमानुसार पाइने दैनिक भ्रमण भत्ता लगायतका अन्य सुविधामा कुनै कटौती नगर्ने निर्णय गरियो ।

**निर्णय नं ११** विहादी गाउँपालिकाको समुदाय प्रहरी पालिका समिति देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो ।
देहाय

| | |
|---|---|
| श्री परविन गुरुङ (गाउँपालिका अध्यक्ष) | संयोजक |
| श्री मिना शर्मा तिवारी (गाउँपालिका उपाध्यक्ष) | सह-संयोजक |
| श्री प्रहरी निरिक्षक प्रकाश राउत | सह-संयोजक |
| श्री गणेश प्रसाद पराजुली (वडा अध्यक्ष) | सदस्य |
| श्री वहाकीठाँटी प्रहरी चौकी प्रमुख | सदस्य सचिव |

**मिति २०७९।०४।१० गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०७९।०४।११

०८१/४/११
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३